ठाकुरबाबा नगरपालिका

स्थानीय राजपत्र

खण्डः८ संख्याः ०७ नगर सभाबाट पारित मितिः २०८२।०९।२८

प्रमाणिकरण मितिः २०८२।१०।१३

प्रकाशन मितिः २०८२।१०।१३

भाग-१

ठाकुरबाबा नगरपालिका

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दियाको

सूचना !

नेपालको संविधान बमोजिम ठाकुरबाबा नगरपालिकाको मिति २०८२।०९।२८ गतेको नगरसभाको **१८ औ** अधिवेशनबाट तल लेखिए बमोजिम **"ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को (दोस्रो संशोधन, २०८२)"** पारित भई सभाध्यक्षबाट प्रमाणीकरण भएको उक्त ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा हार्दिक अनुरोध छ।

ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को (दोस्रो संशोधन, २०८२)

ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को (दोस्रो संशोधन, २०८२)

प्रस्तावनाः

ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ लाई सङ्घीय सहकारी कानून र सहकारी संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्न समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकाले,
नगर सभाको अठारौं अधिवेशनले पारित गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम **"ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को (दोस्रो संशोधन, २०८२)"** रहेको छ ।

(२) ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** "ऐन" भन्नाले ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ नामक मूल ऐनलाई सम्झनु पर्छ ।

३. ऐनको विभिन्न दफा तथा उपदफामा थपः ऐनको विभिन्न दफा तथा उपदफामा देहाय बमोजिम थप गरिएको छः-

(१) दफा २ परिभाषाको खण्डमा "(फ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनुपर्छ।
'(ब) "प्राधिकरण" भन्नाले सङ्घीय सहकारी ऐन, २०७४ को दफा १०३क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनुपर्छ ।

(भ) "कार्यपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(म) "कर्मचारी" भन्नाले सहकारी संस्थामा पारिश्रमिक पाउने गरी कार्यरत स्थायी, अस्थायी, करार लगायत सबै प्रकृतिका कर्मचारीलाई सम्झनुपर्छ ।

(२) ऐनको दफा ३ को उपदफा (१) को आपसमा शब्दको पछाडि "बचत तथा ऋण र" भन्ने वाक्यांश थप गरिएको छ ।

(३) ऐनको दफा ११ उपदफा (३) पछाडि "(४) उपदफा (१) र (२) मा उल्लिखित विषयगत सहकारी संस्थाहरूले विषयगत कार्यमा कम्तीमा सत्तरी प्रतिशत लगानी गरेको हुनुपर्नेछ ।" थप गरिएको छ ।

(४) ऐनको दफा १४ पछाडि दफा "१४क. **मापदण्ड पालना गर्नुपर्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नुपर्नेछ ।

(२) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेको उपदफा (१) बमोजिमको सहकारी संस्थाले नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको मापदण्ड कायम गरेको नभएमा यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो मापदण्ड कायम गर्नुपर्नेछ ।" थप गरिएको छ ।

(५) ऐनको दफा १९ को उपदफा (२) को पछाडि उपदफा "(३) दर्ता गर्ने अधिकारीबाट पूर्वस्वीकृति र पश्चात् स्वीकृति नलिई आफूखुसी बनाइएका कानूनहरूका कारण सिर्जना भए गरेका सबै किसिमका दायित्वहरूका सम्बन्धमा सञ्चालक समिति र संस्थाको कार्यालय प्रमुख जिम्मेवार हुनेछ र निजहरूबाटै असूल उपर लगायतका कारबाही समेत हुनेछ ।

(४) यो दफा कार्यान्वयन हुनुपूर्व दर्ता गर्ने अधिकारीबाट संशोधित व्यवस्था स्वीकृत नगराई कुनै संस्थाले आन्तरिक कार्यविधि व्यवस्थापन गर्ने कानूनहरू र विनियम लागू गरेको भएमा छ महिनाभित्रमा स्वीकृत गराउनुपर्नेछ । तोकिएको अवधिभित्र यसरी कार्य नगरेमा संशोधन भएको मितिदेखिको सिर्जना भए गरेका सबै किसिमका दायित्वहरूका सम्बन्धमा सञ्चालक समिति र संस्थाको कार्यालय प्रमुख जिम्मेवार हुनेछ र निजहरूबाटै असूल उपर लगायतका कारबाही समेत हुनेछ ।" थप गरिएको छ ।

(६) ऐनको दफा २८ को उपदफा (२) को ... पर्नेछ भन्ने वाक्यांश पछाडि " साधारणसभा सम्बन्धी कार्यसुची सहितको विस्तृत विवरण तयार गर्न बस्ने समितिको बैठकमा लेखा सुपरीवेक्षण समिति, संस्थागत प्रतिनिधि, विभिन्न उपसमितिहरू र निर्वाचन उपसमितिका संयोजक तथा सदस्यहरूलाई समेत आमन्त्रित गर्नुपर्नेछ ।

तर यसरी आमन्त्रित बैठकमा कोही अनुपस्थित भएमा पनि बैठकले निर्णय गर्न बाधा पर्नेछैन ।" थप गरिएको छ ।

(७) ऐनको दफा ३० को उपदफा (३) पछाडि उपदफा "(३क) कुनै पनि व्यक्ति कुनै एक तहको सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा सुपरीवेक्षण समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन सक्ने छैन ।" थप गरिएको छ ।

(८) ऐनको दफा ३२ को खण्ड (ञ) पछाडि "(ट) साधारणसभाले तोकेका अन्य कार्यहरू तथा दर्ता गर्ने अधिकारीले" थप गरिएको छ ।

(९) ऐनको दफा ४१ पछाडि दफा "**४१क.** <u>**स्रोत खुलाउनु पर्नेः**</u> (१) सदस्यले सहकारी संस्थामा दश लाख रूपैयाँभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा त्यस्तो रकमको स्रोत खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सदस्यले स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्ने छैन ।" थप गरिएको छ ।

(१०) ऐनको दफा ५० उपदफा (२) पछाडि "(३) उपदफा (१) बमोजिमका कोषहरुमा रकम बाँडफाँट गर्दा संस्थाको वित्तीय सूचकहरू, सदस्य केन्द्रीय सूचकाङ्क, संस्थाको व्यवसायिक योजनालाई प्रभावकारी बनाउने लगायतका विषयहरूलाई ध्यान दिई कमजोर अवस्था भएमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा अन्य कानून वा विनियममा जुनसुकै कुरा उल्लिखित भए तापनि प्रत्येक कोषमा पाँच प्रतिशतभन्दा

बढी रकम बाँडफाँट गर्न पाइने छैन र जगेडा कोष, घाटापूर्ति कोष र व्यवसायिक योजना प्रभावकारी बनाउने गरी रकम बाँडफाँट गर्नुपर्नेछ ।" थप गरिएको छ ।

(११) ऐनको दफा **५५** को उपदफा (२) पछाडि "(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्तिका लागि नगरपालिकाले योग्य लेखापरीक्षकहरूलाई संक्षिप्त सूचीमा सूचीकृत हुन सूचना प्रकाशन गरी सूचीकृत गर्नेछ र सोही सूचीमध्येबाट साधारणसभाले लेखापरीक्षक नियुक्त गर्नुपर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लिखित भए तापनि उपदफा (३) लागू हुनुपूर्व नै साधारणसभाले लेखापरीक्षक नियुक्त गरिसकेको भए उक्त नियुक्ति स्वतः बदर हुने र पुनः नियुक्तिका लागि सञ्चालक समितिले नगरपालिकाको संक्षिप्त सूचीबाट लेखापरीक्षक नियुक्त गर्नुपर्नेछ ।" थप गरिएको छ ।

(१२) ऐनको दफा ६६ को उपदफा (१) को खण्ड (ख) पछाडि "(ग) संस्थामा गम्भीर वित्तीय अनुशासनहीनता वा पाँच वर्षभन्दा बढी समयदेखि विनियममा उल्लिखित मुख्य उद्देश्य वा कारोबारभन्दा फरक कार्य गरेको पाइएमा" थप गरिएको छ ।

(१३) ऐनको दफा ७४ पछाडि दफा "**७४क. <u>निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्नेः</u>** यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रूपमा सदस्यता लिनु पर्नेछ " थप गरिएको छ ।

(१४) ऐनको दफा ७७ को उपदफा (२) पछाडि उपदफाहरू "(२क) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्थाको सम्पत्तिबाट व्यहोरिनेछ ।

(२ख) दफा ७८ बमोजिम व्यवस्थापन समिति गठन भएको मितिदेखि समस्याग्रस्त संस्थाको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि स्वतः निलम्बन हुनेछ ।

(२ग) उपदफा (२ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्थाको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ । त्यसरी खटाएकोमा सो बमोजिमको जिम्मेवारी पूरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(२घ) दाबी सम्बन्धी सूचना, दाबी पेश, लेखापरीक्षण प्रतिवेदन, उपचारात्मक कार्य लगायतका अन्य कार्यहरू सङ्घीय सहकारी ऐन, २०७४ को दफा ११२, ११२क, ११३, ११४, ११५, ११६, ११७, ११८, ११९, १२० र १२१ लाई आधार बनाई गर्नुपर्नेछ ।" थप गरिएको छ ।

(१५) ऐनको दफा ७८ को उपदफा (४) पछाडि उपदफा "(४) व्यवस्थापन समितिले समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने प्रयोजनाका लागि आवश्यक सेवा लिन व्यवस्थापन

समितिले विज्ञ टोली गठन गर्न सक्नेछ । त्यस्तो टोलीको काम, कर्तव्य र अधिकार व्यवस्थापन समितले तोके बमोजिम हुनेछ ।" थप गरिएको छ ।

(१६) ऐनको दफा ७९ को खण्ड (थ) को पछाडि "(द) दफा १९ बमोजिम विनियम र कानूनहरू दर्ता गर्ने अधिकारीबाट पूर्वस्वीकृति र पश्चात् स्वीकृति नगराई लागू गरे गराएमा,

(ध) दफा २८ को उपदफा (२) बमोजिम साधारणसभा हुन नसकेमा,

(न) दफा २९ को पालना हुन नसकेमा ।" थप गरिएको छ ।

(१७) ऐनको दफा ८० को उपदफा (१) को खण्ड (ङ) पछाडि "(च) दफा ७९ को (द) बमोजिम कसूर गरेमा एकलाख रूपैयाँ जरिवाना र बिगो समेत असूल हुनेछ । यसरी गरिएको जरिवाना र बिगो रकम सञ्चालक समिति र कार्यालय प्रमुखबाट असुल उपर गरिनेछ,

(छ) दफा ७९ को (ध) बमोजिम कसूर गरेमा पचासहजार रूपैयाँ जरिवाना हुनेछ । सञ्चालक समिति र कार्यालय प्रमुखबाट असुल उपर गरिनेछ,

(ज) दफा ७९ को (न) बमोजिम कसूर गरेमा एकलाख पचासहजार रूपैयाँ जरिवाना हुनेछ । यसरी गरिएको जरिवाना सञ्चालक समिति र कार्यालय प्रमुखबाट असुल उपर गरिनेछ ।" थप गरिएको छ।

(१८) ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (झ) पछाडि "(ञ) संस्थाले दफा ९९ख., ९९ग., ९९घ., ९९ङ. को पालना नगरेमा,

(ट) संस्थाले जाँच निरीक्षण, अनुगमन, सुपरीवेक्षणमा बाधा अवरोध तथा असहयोग गरेमा वा माग गरेका कागजातहरू उपलब्ध नगराएमा,

(ठ) विद्युतीय सूचना प्रणालीमा नियमित विवरण पेश तथा अद्यावधि नगरेमा ।" थप गरिएको छ ।

(१९) ऐनको दफा ८३ को उपदफा (१) को अधिकारी शब्दको पछाडि "वा निजले तोकेको अधिकारी" भन्ने वाक्यांश थप गरिएको छ ।

(२०) ऐनको दफा ८६ को पछाडि दफा "**८६क. <u>मिलापत्र हुन सक्नेः</u>** (१) प्रतिवादी उपर बचतकर्ताको बचत रकम भुक्तानी दिन नसकेको वा बचत रकम हिनामिना गरेको वा सहकारी ठगी गरेको भनी दफा ८५ वमोजिम मुद्दा दायर भई अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानून बमोजिम मिलापत्र गर्न सकिने अन्य फौजदारी मुद्दामा सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकोले मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून वमोजिम मिलापत्र हुन नसक्ने सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसूरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न सकिने छैन ।

(३) उपदफा (१) बमोजिमको मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिनेछ र त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई लागेको दण्ड जरिवाना र बिगो तिर्नु बुझाउनु पर्ने छैन र कैदको समेत लगत कट्टा हुनेछ ।

(४) उपदफा (१) बमोजिम मुद्दा मिलापत्र गर्दा प्रतिवादीको चल अचल सम्पत्ति रोक्का फुकुवा गर्नुपर्ने भए सो फुकुवा समेत गरी सम्बन्धित अदालतले मिलापत्र कार्यान्वयन गरिदिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम मिलापत्र गर्दा सरकारी वकिलको राय लिनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम मिलापत्र गर्दा एकभन्दा बढी प्रतिवादी भएकोमा सम्वन्धित प्रतिवादीको बिगो यकिन भएकोमा आफ्नो हकको बिगो भुक्तान गरी मिलापत्र गर्न सकिनेछ ।

(७) उपदफा (१) वमोजिम मिलापत्र गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ " थप गरिएको छ ।

(२१) ऐनको दफा ८८ को उपदफा (२) पछाडि "(३) उपदफा (२) को खण्ड (क) बमोजिम कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।" थप गरिएको छ ।

(२२) ऐनको दफा ९१ को उपदफा (४) पछाडि "(५) उपदफा (१) मा जुनसुकै कुरा उल्लिखित भए तापनि पाँच वर्षभन्दा बढी समयावधिदेखि सामाजिक परीक्षण नगरेका संस्थाहरूले एक वर्षभित्र सामाजिक परीक्षण गरी यस दफा बमोजिमका अन्य कार्यहरू गर्नुपर्नेछ ।

(६) प्रतिवेदन अध्ययन गरी दर्ता गर्ने अधिकारीले सुधारका लागि सुझाव दिन सक्नेछ । त्यसरी दिइएको सुझावका पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।" थप गरिएको छ ।

(२३) ऐनको दफा ९९ को ..... गर्नुपर्नेछ पछाडि "'त्यसरी पालना नगरेको पाइएमा दर्ता गर्ने अधिकारीले आवश्यक कारबाही तथा सजाय गर्न सक्नेछ ।" थप गरिएको छ ।

(२४) ऐनको दफा ९९ को पछाडि दफाहरू "**९९क. <u>बचत रकम फिर्ता गर्न समिति गठन गर्न सकिने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले ऋण असुली हुन नसकेको लगायतका कारणवाट आफ्ना सदस्यलाई बचत रकम फिर्ता दिन नसकेको, सञ्चालक समितिले सदस्यको हित विपरीतको काम गरेको वा सञ्चालक समितिका अधिकांश सञ्चालक संस्थामा उपस्थित नभएको वा यस ऐन बमोजिम साधारण सभा नबसेको कारण सदस्यको वचत रकम फिर्ता हुन नसकेको भनी संस्थाका कम्तीमा पन्ध्र प्रतिशत सदस्यहरूले संस्थाको सम्पत्ति जिम्मा लिई सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि बचत रकम फिर्ता समिति गठन तथा संस्था सञ्चालन गर्न दर्ता गर्ने अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले अभिलेख राखी त्यस्तो समिति गठन तथा संस्था सञ्चालन गर्न अनुमति दिनु पर्नेछ ।

९९ख. राजनैतिक गतिविधिमा सङ्गलग्न हुन नपाउनेः (१) सहकारी संस्थामा कार्यरत कुनैपनि कर्मचारी राजनैतिक दल वा सोको भातृ सङ्गठनको सदस्य बन्न र प्रत्यक्ष रूपमा राजनैतिक गतिविधिमा सङ्गलग्न हुन पाइने छैन । यस विपरीत भए गरेको पाइएमा सञ्चालक समितिले तुरून्तै निजलाई बर्खास्त गर्नुपर्नेछ ।

तर निजलाई बर्खास्त गर्नुअघि सफाइको मौकाबाट बञ्चित गर्न पाइने छैन ।

(२) यो दफा कार्यान्वयन हुनुअघि कुनैपनि कर्मचारीले राजनैतिक दल वा सोको भातृ सङ्गठनको सदस्य लिएको भएमा सो त्याग गरेको प्रमाण सहित दर्ता गर्ने अधिकारी र आफ्नो संस्थामा तीन महिनाभित्र लिखित जानकारी गराएको हुनुपर्नेछ । यसरी लिखित जानकारी नगराई वा यो दफालाई अटेर गरी कसैले काम गरेको पाइएमा निजलाई बर्खास्त गर्न दर्ता गर्ने अधिकारीले सञ्चालक समितिलाई निर्देशन दिनेछ र सोको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

९९ग. कार्यसम्पादन सम्झौता गर्नुपर्नेः (१) दुई करोडभन्दा बढी कारोबार भएका संस्थाका विभिन्न विषयगत उपसमितिहरूका संयोजकहरूले आफ्नो र समितिको कामका सम्बन्धमा सञ्चालक समितिको अध्यक्षसँग वार्षिक रूपमा सूचीबद्ध कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ । यसरी गरिएको कार्यसम्पादन सम्झौताका विषयहरूको प्रगतिका सम्बन्धमा प्रत्येक वर्षको वैशाख र मङ्सिर महिनामा समीक्षा गर्नुपर्नेछ र कुनै कमीकमजोरी पाइएमा आवश्यक निर्देशन सहित एकपटकका लागि सुधारको मौका दिनुपर्नेछ ।

(२) सुधारको मौका दिइएको समयभित्र समेत सुधार नभएमा संयोजक तथा सदस्यहरू परिवर्तन गरी कार्य गर्नुपर्नेछ ।

(३) दुई करोडभन्दा बढी कारोबार भएका संस्थाका कार्यकारी अधिकृत/व्यवस्थापक/मुख्य प्रबन्धक/प्रमुखले आफ्नो काम तथा कर्तव्यका सम्बन्धमा समितिको अध्यक्षसँग वार्षिक रूपमा सूचीबद्ध कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ । यसरी गरिएको सम्झौतामा संस्थाको वित्तीय प्रगति अवस्थाको विश्लेषण तथा सूचकहरूको अवस्था, सदस्य केन्द्रीयता सूचकाङ्क, प्रचलित कानूनहरूको पालना र कार्यान्वयन, प्रशासनिक कार्यहरूको कार्यसम्पादनको स्तर, साधारणसभाबाट पारित वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगतिको अवस्था, नियामकीय आदेश तथा निर्देशनको पालना र कार्यान्वयन, आर्थिक तथा वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण तथा सुशासनको अवस्था लगायतका विषयहरूको सूचकगत अङ्कभार निर्धारण गरिएको हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता भएपश्चात् प्रत्येक वर्षको वैशाख र मङ्सिर महिनामा समिति समक्ष कार्यकारी अधिकृत / व्यवस्थापक/मुख्य प्रबन्धक/प्रमुखले प्रगति प्रतिवेदन दिनुपर्नेछ । उक्त प्रतिवेदनको समीक्षा गरी कुल अङ्कको असी प्रतिशत र सोभन्दा बढी प्राप्ताङ्क भए उत्तम, साठीदेखि उनासी प्रतिशतसम्म भए राम्रो र पचासदेखि उन्नानसाठी प्रतिशतसम्म भए सामान्य र पचास प्रतिशतभन्दा कम भए कमजोर प्रगतिमा वर्गीकृत गरी उत्तम अवस्थामा पुरस्कृत गर्नुपर्ने र कमजोर अवस्थामा पचीस प्रतिशत बराबर निजले पाउने ग्रेड तथा सेवा सुविधामा कटौती गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सुविधा कटौतीको अवस्था चारवर्षमा दुईपटक भएमा निजलाई बर्खास्त गर्नुपर्नेछ ।

(६) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता वार्षिक साधारणसभा भएको एक महिनाभित्र गर्नुपर्नेछ । यो दफा लागू हुनु अगावै वार्षिक साधारणसभा भइसकेका संस्थाले यो दफा लागू भएको तीन महिनाभित्र सम्झौता गर्नुपर्नेछ ।

९९घ. <u>अवस्थागत आधारमा संस्थाहरू साङ्केतीकरण गर्नुपर्ने:</u> (१) दर्ता गर्ने अधिकारीले नगरपालिकाका नियमन क्षेत्रभित्रका संस्थाहरूको अवस्थागत साङ्केतीकरण देहायका आधारमा गर्नुपर्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका वा कार्यविधि पालनाको स्तर,

(ख) दर्ता गर्ने अधिकारीबाट जारी आदेश, निर्देशन र सुझावको पालनाको स्तर,

(ग) संस्थाहरूको जाँचबुझ, निरीक्षण, अनुगमन, सुपरीवेक्षणका क्रममा माग भएका र सम्बद्ध कागजातहरू उपलब्ध गराउन र सहयोग गर्नमा संस्थाले निर्वाह गरेको भूमिकाको स्तर

(घ) नगरपालिका, प्रदेश र सङ्घीय कानूनहरूको पालनाको स्तर,

(ङ) नगरपालिका, प्रदेश र सङ्घीय सरकारले सहकारीसँग साझेदारी, समन्वय तथा सहकार्य, सहयोग, अनुदानमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूमा संस्थाको सहभागिताको स्तर,

(च) संस्थाको वित्तीय सूचकहरू र सदस्य केन्द्रीयता सूचकाङ्कको अवस्थाको स्तर,

(छ) सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूको पालनाको स्तर,

(ज) संस्थाले नगरपालिकामा तोकिए बमोजिम नियमित बुझाउनुपर्ने कागजातहरू बुझाएको अवस्था,

(झ) विद्युतीय सूचना प्रणालीमा नियमित रूपमा विवरण अद्यावधिक गरेको अवस्था,

(ञ) संस्थाले राख्नुपर्ने कागजातहरू र अभिलेखहरू व्यवस्थित तवरले राखेको अवस्था,

(ट) आर्थिक तथा वित्तीय अनुशासन र सुशासनको स्तर,

(ठ) संस्थाका आफ्ना कानूनहरूको पालनाको स्तर, र

(ड) दर्ता गर्ने अधिकारीले आवश्यक ठानेका अन्य आधारहरू ।

(२) उपदफा (१) बमोजिमका आधारमा संस्थाहरूलाई देहाय बमोजिम साङ्केतीकरण गर्नुपर्नेछः-

(क) उपदफा (१) का मुख्य लगायत अधिकांश आधारहरू पालना गरेको भए र सदस्य केन्द्रीयता सूचकाङ्कमा उत्तम भए हरियो (राम्रो),

(ख) उपदफा (१) का आधा आधारहरू पालना गरेको भए र सदस्य केन्द्रीयता सूचकाङ्कमा साधारण वा मध्यम भए पहेंलो (कमजोर), र

(ग) उपदफा (१) का आंशिक आधारहरू पालना गरेको भए वा सदस्य केन्द्रीयता सूचकाङ्कमा अनिश्चित भए रातो (अति कमजोर) ।

स्पष्टीकरणः खण्ड (क) को दुईमध्ये एक मात्रै अवस्था भए पहेंलो र खण्ड (ख) को दुईमध्ये एक मात्रै अवस्था भए रातोमा साङ्केतीकरण हुनेछ ।

(३) संस्थाहरूको यस्तो साङ्केतीकरणको कार्यका लागि दर्ता गर्ने अधिकारीले तीन सदस्यीय समिति गठन गर्नेछ । उक्त समितिले यस दफा बमोजिम कार्यका निम्ति आफ्नो कार्यविधि आफै बनाई काम गर्नेछ ।

(४) यस दफा बमोजिमको कार्य प्रत्येक आर्थिक वर्षको पहिलो त्रैमासिकभित्र सम्पन्न गर्नुपर्नेछ । कार्य सम्पन्न भएपश्चात् उक्त साङ्केतीकरणको सूची प्रकाशन गर्नुपर्नेछ ।

(५) साङ्केतीकरणको सूची प्रकाशन भएपश्चात् कमजोर र अति कमजोर संस्थाले सुधारको कार्ययोजना दर्ता गर्ने अधिकारी समक्ष पेश गरी स्वीकृत गराउनु पर्नेछ र उक्त कार्ययोजनाको प्रगति विवरणका प्रमाण सहित त्रैमासिक रूपमा प्रतिवेदन बुझाउनुपर्नेछ ।

९९ङ. अध्ययन गर्न सक्नेः (१) नगरपालिकाले आफ्नो नियमन क्षेत्रमा रहेका सहकारी संस्थाहरूको अवस्थाका बारेमा सुधार तथा कारबाहीको सिफारिस समेत गर्ने गरी अध्ययन गर्न गराउन सक्नेछ । यसरी अध्ययन गर्दा गराउँदा दर्ता गर्ने अधिकारीले कम्तीमा तीन सदस्यीय समिति गठन गर्न र सहकारी सम्बन्धी विषय विज्ञलाई परामर्शदाताको रूपमा आमन्त्रित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन भएपश्चात् सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीमार्फत् कार्यपालिकामा छलफलका लागि पेश गर्नुपर्नेछ ।

(३) अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित संस्था र दर्ता गर्ने अधिकारीको हुनेछ ।

९९च. प्रतिवेदन तथा अनुगमन गर्नेः (१) यस नगरपालिकाको नियमनभित्र नपर्ने यस नगरपालिकाभित्र रहेका सहकारी संस्थाहरूले समेत अनिवार्य रूपमा मासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक प्रगति प्रतिवेदन लगायत माग भए बमोजिमका प्रतिवेदन तथा विवरण नगरपालिकालाई दिनुपर्नेछ।

(२) यस नगरपालिकाको नियमनभित्र नपर्ने यस नगरपालिकाभित्र रहेका सहकारी संस्थाहरूको सम्बन्धित निकायसँगको समन्वयमा दर्ता गर्ने अधिकारीले एकल वा संयुक्त जुनसुकै रूपमा अनुगमन गर्न सक्नेछ ।" थप गरिएको छ ।

(२५) ऐनको दफा १०१ को उपदफा (२) पछाडि "(३) यो ऐन वा यस ऐन अन्तर्गत बन्ने नियम नबनेको अवस्थामा उपदफा (२) र सहकारी संस्थाको नियमन, प्रवर्द्धन, प्रशिक्षण तथा कामकारबाहीको नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि दर्ता गर्ने अधिकारीले सङ्घ वा प्रदेशको नियम, मापदण्ड, निर्देशिका वा कार्यविधिलाई आधार बनाई काम गर्न सक्नेछ ।

(४) सहकारी संस्थाको नियमन, प्रवर्द्धन, प्रशिक्षण तथा कामकारबाहीको नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि दर्ता गर्ने अधिकारीले यो ऐनमा उल्लिखित नभएका विषयका सम्बन्धमा सङ्घ र प्रदेशको ऐनलाई समेत आधारका रूपमा लिन सक्नेछ ।" थप गरिएको छ ।

<u>४. ऐनको विभिन्न दफा तथा उपदफामा संशोधनः ऐनको विभिन्न दफा तथा उपदफामा देहाय बमोजिम संशोधन गरिएको छः-</u>

(१) ऐनको दफा २ को परिभाषा (क) लाई '"आन्तरिक कार्यविधि कानून" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि कानून सम्झनुपर्छ ।" भनेर संशोधन गरिएको छ ।

(२) दफा १८ र १९ लाई "**१८.'<u>आन्तरिक कार्यविधि कानून बनाउन सक्ने :</u>** (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि व्यवस्थापन गर्ने कानूनहरू बनाउन सक्नेछ । यसरी बनाइने कानूनहरूका सम्बन्धमा आवश्यकता, आधार र कारणहरू स्पष्ट खुल्ने गरी पूर्वस्वीकृतिका लागि दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ र निजले आवश्यक निर्देशन सहित पूर्वस्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धी कानूनहरू दर्ता गर्ने अधिकारीबाट पूर्वस्वीकृति प्राप्त भएपश्चात् सम्बन्धित संस्थाको साधारणसभाले पारित गरी दर्ता गर्ने अधिकारीले स्वीकृत गरेपछि संस्थाको वेबसाइट वा आधिकारिक सामाजिक सञ्जालमा हस्ताक्षरित प्रति राखी प्रकाशित गरेपश्चात् लागू हुनेछ ।

<u>स्पष्टीकरणः</u> आन्तरिक कार्यविधि कानूनमा संस्थाको नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना, रणनीति लगायतका आन्तरिक कानूनहरू हुनेछन् ।

<u>१९. विनियम र आन्तरिक कार्यविधि कानूनमा संशोधन :</u> (१) संस्थाको आन्तरिक कार्यविधि व्यवस्थापन गर्ने कानूनहरूमा कुनै प्रकारको संशोधन गर्नुपर्ने भएमा संस्थाको विस्तारित मञ्चहरूमा सहभागितामूलक तवरले छलफल गरी साविकको व्यवस्था, संशोधनका लागि प्रस्तावित व्यवस्था र संशोधन प्रस्ताव गर्नुपर्नाको कारण स्पष्ट खुल्ने गरी तीन महले फाराम सहित पूर्वस्वीकृतिका लागि दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ र निजले आवश्यक निर्देशन सहित पूर्वस्वीकृति दिएपश्चात् सम्बन्धित संस्थाको साधारणसभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि सम्बन्धी कानूनहरू संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम लगायतका आन्तरिक कार्यविधि व्यवस्थापन गर्ने कानूनहरू दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि संस्थाको वेबसाइट वा आधिकारिक सामाजिक सञ्जालमा हस्ताक्षरित प्रति राखी प्रकाशित गरेपश्चात् मात्र औपचारिक रूपमा लागू हुनेछ।" भनेर संशोधन गरिएको छ ।

(३) ऐनको दफा २२ को उपदफा (१) लाई "(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन सक्ने छैन ।" भनेर संशोधन गरिएको छ ।

(४) ऐनको दफा ३९ को उपदफा (६) लाई "(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा सहकारी बैङ्क वा साना किसान लघुवित्त संस्थाको शेयर खरिद गर्न बाहेक अचल सम्पत्ती खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म, कम्पनी वा अन्य कुनै बैङ्कको शेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन ।" भनेर संशोधन गरिएको छ ।

(५) ऐनको दफा ३९ को उपदफा (७) लाई "(७) संस्थाले 'प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ ।" भनेर संशोधन गरिएको छ ।

(६) ऐनको दफा ४१ लाई "**<u>व्यक्तिगत बचत तथा ऋणको सीमा:</u>** (१) सहकारी संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित सहकारी संस्थाको प्राथमिक पूँजीकोषको दश प्रतिशतसम्म हुन सक्नेछ ।

(२) सहकारी संस्थाको सदस्यलाई प्राथमिक पूँजीकोषको पन्ध्र प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन ।

(३) उपदफा (१) बमोजिमको व्यक्तिले बचतको सीमा प्राधिकरणले मापदण्ड बनाई आवश्यकता अनुसार हेरफेर गरेमा सोही बमोजिम हुन सक्नेछ ।" भनेर संशोधन गरिएको छ ।

(७) ऐनको दफा ५६ को उपदफा (४) लाई "(४) दफा ५५ र यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।" भनेर संशोधन गरिएको छ ।

(८) ऐनको दफा ६० र ६१ लाई "**६०.<u>कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था:</u> (१)** बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी ऋण कारोबारको सूचना आदान प्रदान गर्नुपर्नेछ ।

(२) कर्जा सूचना केन्द्र सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

(९) ६१.बाँकी बक्यौता असूल उपर गर्ने : कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत सहकारी संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गर्न सक्नेछ ।" भनेर संशोधन गरिएको छ ।

(१०) ऐनको दफा ६५ को उपदफा (१) लाई "(१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरू कार्यक्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको, एकै विषय वा प्रकृतिका संस्थाको मुख्य कार्य एकै वा फरक नभई मुख्य कार्य बमोजिम कार्य नगरेको पाइएमा दर्ता गर्ने अधिकारीको निर्देशनमा एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।" भनेर संशोधन गरिएको छ । ।

(११)ऐनको दफा ६७ को उपदफा (२) लाई "(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सीमासम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारी वा कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।" भनेर संशोधन गरिएको छ ।

(१२) ऐनको दफा ७७ को उपदफा (१) को खण्ड (च) "(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा दस प्रतिशत सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।" भनेर संशोधन गरिएको छ ।

(१३) ऐनको दफा ७८ को उपदफा (३) लाई "(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।" भनेर संशोधन गरिएको छ ।

(१४) ऐनको दफा ८१ को उपदफा (२) लाई "(२) 'कसैले देहायको कुनै कार्य गरेकोमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछः" भनेर संशोधन गरिएको छ ।

(१५) ऐनको दफा ८५ र ८६ लाई "**८५. उजुरी सम्बन्धी व्यवस्थाः** दफा ७९ बमोजिम सजाय हुने कसूरको सम्बन्धमा जो सुकैले दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ । यसरी उजुरी पेश भएपश्चात् दर्ता अधिकारीले कम्तीमा अधिकृतस्तरको कर्मचारी संयोजक रहेन गरी जाँचबुझ गर्न तीन सदस्यीय समिति गठन गर्नुपर्नेछ र सो समितिको प्रतिवेदनका आधारमा सजय सम्बन्धी कारबाही गर्नुपर्नेछ ।" भनेर संशोधन गरिएको छ ।

(१६) ८६. उजुरी हेर्ने अधिकारीः दफा ७९ बमोजिमको सजाय हुने कसूर सम्बन्धी उजुरीको कारवाही र किनारा दर्ता गर्ने अधिकारीबाट हुनेछ ।

(१७) ऐनको दफा ८७ लाई "**८७. उजूरी दिने हद म्याद :**(१) कसैले दफा ७९ बमोजिमको सजाय हुने कसूर गरेको थाह पाएमा वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

तर दर्ता गर्ने अधिकारीले जुनसुकै किसिमले आफै थाह पाएमा वा गर्न लागेको थाह पाएमा हदम्याद हुने छैन ।" भनेर संशोधन गरिएको छ ।

(१८) ऐनको दफा ८८ को उपदफा (१) र (२) लाई "(१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा संस्था दर्ता खारेज गरेकोमा र दफा ९९ख. बमोजिमको निर्णयमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारी र समितिको निर्णयउपर कार्यपालिकासमक्ष पुनरावेदन गर्न सक्नेछ र कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः

(क) दर्ता गर्ने अधिकारीले गरेको निर्णय उपर कार्यपालिकामा," भनेर संशोधन गरिएको छ ।

(१९) ऐनको दफा ९१ को शीर्षकलाई "**सामाजिक परीक्षण गराउनेः**" भनेर संशोधन गरिएको छ ।

५. ऐनको विभिन्न दफा तथा उपदफाबाट झिकिएकोः ऐनको विभिन्न दफा तथा उपदफाबाट शब्द तथा वाक्यांश देहाय बमोजिम झिकिएको छः-

(१) ऐनको दफा ६९ को उपदफा (१) र दफा ७१ को उपदफा (७) मा रहेको "ठाकुरबाबा" शब्द झिकिएको छ ।

(२) ऐनको दफा ८० को उपदफा (१) मा रहेका खण्ड र उपखण्डहरूमा उल्लिखित कैद सजाय हुने व्यवस्था सम्बन्धी वाक्यांशहरू झिकिएको छ ।

६. ऐनको विभिन्न दफा तथा उपदफामा व्याकरणीय शुद्धता कायम गरिएकोः मूल ऐनमा भएका विभिन्न शाब्दिक तथा ह्रस्व र दीर्घ लगायतका विषयमा नेपाली व्याकरणीय शुद्धता कायम गरिएको छ ।

आज्ञाले

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको सहकारी ऐन, २०७५ को (दोस्रो संशोधन, २०८२)